# भेरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
खलंगा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

प.सं. :- ०७५/०७६
च.नं :-

मिति : २०७५/०५/०७

**यस कार्यालयवाट आ.व. २०७५/०७६ मा हुने खरिद कार्यमा सहभागी हुन सूचीकृत हुने सूचना**
(प्रथम पटक प्रकाशित मिति २०७५ भाद्र ०७ गते )

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ क तथा नियमावली, २०६४ को नियम १८ बमोजिम सार्वजनिक निकायको खरिद सम्बन्धी कार्यको लागि सम्वन्धित कार्यालयले त्यस्तो खरिदको प्रकृतिअनुसार आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायकको छुट्टा छुट्टै सूची तयार गर्नु पर्ने व्यवस्था बमोजिम यस कार्यालयवाट आ.व. ०७५/०७६ मा हुने विभिन्न खरिद सम्बन्धी काम कारवाहीमा संलग्न हुन इच्छुक योग्य फर्म, संघ/संस्था वा व्यक्तिहरुलाई सार्वजनिक खरिद नियमावली २०६४को अनुसूची २ क बमोजिमको ढाँचामा आफुले **सूचीकृत हुन चाहेको समूह र मुल्य सूचि** समेत स्पष्ट खोली यो सूचना प्रकाशन भएका मितिले १५ दिनभित्र देहायका शर्तहरुका अधिनमा रही यस कार्यालयमा आवेदन गर्नु हुन सूचित गरिएको छ ।

१. आवेदनसाथ निम्नानुसारका कागजातका प्रतिलिपी हरु १/१ प्रति संलग्न गरेको हुनु पर्ने छ ।

क) आफ्नो फर्म दर्ता वा सम्वन्धित व्यवसाय वा सेवा गर्न प्राप्त नवीकरण भएको इजाजत पत्र,

ख) मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाण पत्र वा स्थायी लेखा नम्वर दर्ता प्रमाण पत्र ।

ग) प्रचलित कानुन वमोजिम नेपाल सरकारलाई तिर्नु वुझाउनु पर्ने अघिल्लो आ.व. (०७४/०७५) सम्मको कर चुक्ता गरेको प्रमाण,

घ) व्यक्तिको हकमा नागरिकताको प्रमाण पत्रको प्रतिलिपी,

ङ) नेपाल वाहिर दर्ता भएको संघ संस्था वा विदेशी नागरिकताको हकमा नेपाल भित्र कारोवार गर्न पाएको स्वीकृति वा इजाजत पत्र,

च) सूचीकृत हुन चाहेको समुहको कार्य सम्पादन गर्न योग्य र सक्षम रहेको व्यहोरा खुल्ने कागजात वा प्रमाण ।

२. यस बमोजिम सूचिकृत हुदैमा कुनै फर्म, संघ/संस्था वा व्यक्ति कुनै सार्वजनिक निकायले सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम तोकेको योग्यता पुरा नगरी खरिद सम्वन्धी कारवाहीमा सहभागी हुन सक्ने छैन ।

३. मौजुदा सूचीमा सूचिकृत भएकाहरु मध्ये कार्यालयले आफ्नो अनुकूल हुने गरी खरिद कार्यमा सहभागी गराउन सक्ने छ ।

४. यस सूचनामा नपरेका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन तथा नियमावली र प्रचलित आर्थिक प्रशासन सम्वन्धी कानुन वमोजिम हुने छ ।

२०७५/०५/०६

प्रमुख प्रशासकीय अधिकृत

## खरिद सम्वन्धि काम कारवाहीका लागि सूचिकृत हुनु पर्ने समूहहरु

| समुह | सूचिकृत गर्नु पर्ने कार्यहरु | संक्षिप्त व्याख्या |
|---|---|---|
| A | **खरिद तथा आपुर्ती तर्फ** | |
| A1 | **स्टेशनरी तथा मसलन्द सामानहरु** | कार्यालयको दैनिक कामकाजमा प्रयोग हुने पेपर,फाईल, कलम , पेन्सील, स्टिच, जस्ता स्टेशनरी तथा मसलन्द सामानहरु आपूर्ति गर्ने सम्वन्धि कार्यहरु |
| A2 | **छपाई सम्वन्धी** | लेटरप्याड रजिष्टर, विभिन्न फारामहरु, प्रतिवेदन तथा पुस्तक, पत्रपत्रिका तथा बुलेटिन जस्ता प्रेश सम्वन्धि कार्यहरु |
| A3 | **पत्रपत्रिका तथा पुस्तक सम्वन्धि** | प्रकाशित पत्रपत्रिका तथा पुस्तहहरु खरिद तथा एजेन्सी लिईविक्री वितरण गर्ने सम्वन्धि कार्यहरु |
| A4 | **फर्निचर तथा फिक्चर्स** | काठ, स्टिल तथा पलाष्टिकका फर्निचर र फिक्चर्समा पर्ने सामानहरु आपूर्ति गर्ने सम्वन्धी कार्यहरु |
| A5 | **इलेक्ट्रोनिक्स उपकरणहरु** | टेलिफोन, कम्प्युटर, प्रिन्टर, फोटोकपी मेशीन, फ्याक्स मेशिन, युपिएस जस्ता उपकरणहरु |
| A6 | **सवारी साधन तथा सोका पाटपुर्जा** | मोटरसाईकल, साईकल तथा गाडीका टायर , ट्युव तथा अन्य पाटर्स पुर्जाहरु आपूति तथा फिटिङ्ग सम्वन्धि कार्यहरु |
| A7 | **मेशिनरी तथा उपकरणहरु** | इलेक्ट्रोनिक्स समुहमा नपरेका अन्य उपकरणहरु, सर्भे औजार लगायत विभिन्न मेशीनरी उपकरणहरु र तीनका पाटर्सहरु |
| A8 | **विज्ञापन सूचना प्रकाशन तथा प्रसारण** | रेडियो, टेलिभिजन, तथा पत्रपत्रिका वा अन्य माध्यमवाट विज्ञापन तथा सूचनाको प्रकाशन तथा प्रशारण गर्ने गराउने सम्वन्धि कार्यहरु |
| A9 | **विद्युतीय सामानहरु** | हिटर, पंखा, तार स्वीच, विजुलीका वल्व, ट्युवलाईट तथा विद्युतीकरणका लागि आवश्यक अन्य सामाग्रीहरु । |
| A10 | **कम्प्युटर तथा सूचना प्रविधि सफ्टवेयर** | कार्यालय सञ्चालन तथा सूचना तथा तथ्यांक भण्डारण ,विश्लेषण तथा प्रतिवेदन जस्ता कार्य गर्न निर्मित कम्प्युटर सफ्टवेयर, प्रोग्रामहरुको आपूर्ति सम्बन्धि कार्यहरु |
| A11 | **इन्टरनेट तथा सञ्चार सेवा** | सिधै वा अन्य कम्पनीको मध्यस्थ भई प्रदान गर्ने इन्टरनेट सेवा , नोटिस वोर्ड सेवा वा टेलिफोन र सम्बद्ध सेवाहरु |
| A12 | **औषधी तथा मेडिकल सामाग्री आपूर्ति** | औषधी व्यवस्था विभाग, आयुर्वेद विभग वा पशु सेवा विभाग जस्ता नियमनकारी निकायवाट स्वीकृत भए बमोजिम विभिन्न औषधीहरु, सर्जिकल्स सामानहरु, ल्याव रसायनहरु जस्ता मेडिकल सामाग्रहरु आपूर्ती सम्वन्धि कार्यहरु |
| A13 | **खानेपानी आपुर्ति तथा धारा जडान सम्वन्धी कार्य** | मिनरल वाटर( जार तथा वोतल ) आपुर्ति , टेकरवाट खानेपानी आपूर्ति गर्ने वा खानेपानीका लागि इनार, ट्युववेल, धारा आदी जडान गर्दा गर्नु पर्ने पाई फिटिङ्ग सम्वन्धि कार्यहरु |
| A14 | **राशन खरिद सम्बन्धी कार्यहरु** | खाद्यान्न आपूर्ति गर्नु पर्ने अस्पताल, भेटेरिनरी, कारागार, वालगृह, बृद्धाश्रम आदिका साथै सुरक्षा निकाय र खाद्यान्न सुविधा प्राप्त गर्ने निकायका कर्मचारीलाई खाद्यान्न साथै दुध, दही घिउ, तेल जस्ता पेय/ खाद्यय सामाग्रीहरु आपूर्ति सम्बन्धि कार्य |
| A15 | **पशु पंक्षिको दाना आहार आपूर्ति सम्बन्धि** | भेटेरिनरी, पशु फार्म, अनुसन्धान केन्द्र जस्ता निकायमा रहेका पशु पंक्षि तथा घोडाको दाना वा आहार आपूर्ति सम्वन्धि कार्य |
| A16 | **इन्धन तथा अन्य इन्धन आपूर्ती सम्वन्धि** | ग्याँस, पेट्रोल, डिजल, लुब्रिकेन्ट्स, दाउरा, कोईला, इन्भरटर, ब्याट्री, सोलार उपकरण आदी |
| A17 | **लत्ता कपडा तथा ड्रेस आपूर्ति** | अस्पताल, तथा स्वास्थ्य संस्थामा प्रयोग हुने कपडा तथा कपडा निर्मित झोला, ( न्यानो झोला समेत ) झुल एप्रोन एवं विभिन्न निकायको ड्रेस कोड अनुसार आपूर्ति गर्नु पर्ने ड्रेस, सोफाका खोल तथा पर्दाहरु जस्ता सामाग्रीहरु |
| A18 | **स्यानिटेशन (सरसफाई) का सामानहरु** | शौचालय, धारा निर्माण एवं सरसफाईमा प्रयोग हुने विभिन्न उपकरण तथा सामाग्रीहरु |
| A19 | **मर्मत सम्भार सेवाहरु** | सवारी साधन , विभिन्न मशीनरी तथा उपकरणहरुको मर्मत सम्बन्धी कार्यहरु |
| B | **परामर्श तथा अन्य सेवा** | |
| B1 | **अध्ययन,अनसन्धान तथा अन्य परामर्श सम्बन्धी कार्यहरु** | विभिन्न विषयहरुमा हुने इन्जिनियरिङ्ग सर्भेक्षण,अध्ययन, अनुसन्धान तथा प्रतिवेदन तयारी सम्बन्धी कार्यहरु |
| B2 | **सूचना प्रविधि साधनको** | हार्डवेयर सभिसिङ्ग, मेपनटनेन्स , सफ्टवयर कस्टोमाईजेशन, टोनर रिफिलिङ्ग आदि |

प्रमुख प्रशासकीय अधिकृत

श्री नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जाजरकोट
कर्णाली प्रदेश, नेपाल

| | | |
|---|---|---|
| | **आवधिक मर्मत तथा मेन्टिनेस सम्वन्धी कार्यहरु** | सम्वन्धि कार्यहरु । |
| **B3** | **सफ्टवृयर निर्माण** | विभिन्न प्रकारका सफ्टवेयर, कस्टोमाईजेशन, टोनर रिफिलिङ्ग आदी सम्बन्धी कार्यहरु |
| **B4** | **कुरियर सर्भिस** | चिठीपत्र तथा स साना पार्सल आदान प्रदान सम्वन्धि कार्यहरु |
| **B5** | **कागजात अनुवाद सम्वन्धी कार्यहरु** | नेपाली वा अंग्रेजि भाषावाट एक अर्कोमा हुने एवं यी भाषवाट स्थानीय मातृभाषामा हुने अनुवाद सम्वन्धी कार्यहरु |
| **B6** | **डकुमेन्ट्री तथा बृत्तचित्र निर्माण** | सार्जजनिक निकायको काम कारवाही झल्कने गरी निर्माण हुने श्रव्य तथा श्रव्य दृष्य सामाग्री, रेडियो पत्रिका, टेलिफिल्म, बृत्तचित्र आदि निर्माण गर्ने कार्य |
| **B7** | **कार्यक्रम व्यवस्थापन** | विभिन्न प्रकारका लालिम, गोष्ठि, सेमिनार, अन्तरक्रिया, छलफल तथा बैठकको सञ्चालन तथा व्यवस्थापनमा सहयोग सम्वन्धी कार्यहरु |
| **B8** | **हवाई तथा अन्य यातायात ट्राभल्स एजेन्सी** | हवाई टिक बुकिङ्ग तथा जारी गर्ने अन्य यातायातका सवारी साधनहरुको सेवा उपलव्ध गराउने एजेन्सी सम्वन्धी कार्यहरु |
| **B9** | **तथ्यांक प्रविष्टि तथा अद्यावधिक गर्ने कार्यहरु** | अभिलेख व्यवस्थापन तथा सेवा प्रवाहका लागि सार्वजनिक निकायको प्रणलीमा तथ्यांक प्रविष्टि गरी अद्यावधिक गर्ने प्रकारका कार्यहरु |
| **B10** | **कार्यलय सुरक्षा तथा सरसफाई सम्वन्धी कार्यहरु** | कार्यालय/ सचिवालयलाई सुरक्षा चेक जाँचमा सहयोग गर्ने सरक्षा गार्ड दैनिक सरसफाईमा सहयोग गर्ने परिचर, बगैचा तथा करेसावारी गोडमेल गर्ने माली, सेफ्टि टंकी सफाई जस्ता संस्थागत रुपमा उपलव्ध गराउने सम्बन्धि कार्यहरु |
| **B11** | **रंग रोकन तथा सजावट सम्वन्धी कार्यहरु** | भवन,झ्याल ढोका फर्निचर काठ तथा विभिन्न संरचना र कम्पाउण्डमा रंगरोकन गर्ने तथा पर्दा, कार्पेटिङ्ग, फ्लोरिङ्ग आदी सम्बन्धि कार्यहरु |
| **B12** | **क्याटरिङ्ग, क्यान्टिन तथा खाजा नास्ता सम्बन्धी** | क्याटरिङ्ग सेवा, पाल, सायर, समियाना, मेच, टेबुल आदि भाडामा उपलव्ध गराउने, क्यान्टिन सेवा सञ्चालन गर्ने वा खाजा नास्ता उपलव्ध गराउने । |
| B13 | **सेवा करार सम्वन्धी** | सेवा परामर्श अन्तर्गत सेवा करारबाट प्रदान हुने परिचर, ड्राईभर, कार्यालय सहयोगी, सचिवालय संचालनसँग सम्बन्धित अपरेटरहरुको सेवा प्रदान सम्वन्धि कार्यहरु |
| C | गैर सरकारी संस्थावाट प्रवाह हुने सेवा | |
| C1 | **जन चेतना अभिबृद्धि सम्बन्धि कार्यक्रम** | नागरिक सचेतनाका लागि आयोजना गरिने चेतनामूलक कार्यक्रम, सडक नाटक, सार्वजनिक सुनुवाई जस्ता कार्यहरु |
| C2 | **अभिमुखिकरण, सबलिकरण, मूल प्रवाहिकरण जस्ता कार्यहरु** | शाक्षरता कक्षा,महिला, पिछडिएका वर्ग, जनजाति तथा समूदायको सशक्तिकरण एवं मूल प्रवाहीकरणको लागि सञ्चालन हुने भेला, प्रशिक्षण, गोष्ठी, तालीम आदी कार्यहरु |
| C3 | **वन तथा वातावरण संरक्षण प्रवर्द्धन जस्ता कार्यक्रम** | वृक्षारोपन, विरुवा, उत्पादन, वन जंगल तथा वन्यजन्तुको संरक्षण, डढेलो नियन्त्रण, हरित विकास योजना कार्यान्वयन जस्ता कार्यक्रमहरु |
| C4 | **जनसहभागीता प्रवर्द्धन गरी स्थानीय स्तरमा हुने निर्माण सम्वन्धी कार्यहरु** | जनसहभागितामा परिचालन गरी निर्माण हुने साना सिंचाई, तटवन्ध, ग्रामीण सडक निर्माण, सामुदायिक भवन निर्माण जस्ता स्थानीय स्तरमा हुने निर्माण कार्यक्रमहरु । |
| D | **निर्माण व्यवसाय** | |
| D1 | **सार्वजनिक निर्माण/ मर्मत सम्वन्धि कामहरु** | भवन, सडक, सिंचाई, तटबन्ध, खानेपानी योजना जस्ता नयाँ संरचनाहरु निर्माण निर्मानकै हैसियतमा मर्मत सम्भार गर्नु पर्ने सम्वन्धी कार्यहरु |
| D2 | **नर्सरी निर्माण तथा विरुवा उत्पादन र आपूर्ती** | काँडेतार, पोलिथिन व्याग, बिउ, औजार, माटो तथा मल आदि र उत्पादित विरुवा आपूर्ति सम्बन्धी कार्यहरु |
| E | **अन्य** | |
| E1 | **अन्य सामाग्री तथा सेवा** | माथिका समूह तथा उपसमूहमा नपरेका र खरिद गर्नुअधि सूचीकत गनुए पर्ने प्रकारका वस्तु, सामाग्री वा सेवाहरु ।यस समूहमा सूचिकृत हुने वा गराउने निकायले सम्वन्धित सेवाको स्पेसिफिकेशन खुलाई सूचिकृत हुनको लागि पेश गर्नु पर्ने छ । |

प्रमुख प्रशासकीय अधिकृत